श्री

उदयपुर जिल्ला अदालत

गाईघाट पोखरा

मेलमिलाप शाखा

०३५४२२१९४

पत्र संख्या:-०८३/०८४

मिति:-२०८३।०४।०१

सूचना । *सूचना ।।* *सूचना ।।।*

विषय :- मेलमिलापकर्ताको अध्यावधिक र सूचिकृत गर्ने सम्बन्धमा ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ९ बमोजिम यस अदालतमा प्रत्येक वर्ष मेलमिलापकर्ताको सूचि अद्यावधिक र सूचिकृत गर्नु पर्ने भएकोले मिति २०८३/३/३२ गतेको निर्णय अनुसार यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचिकृत रहनु भएका व्यक्तिहरुले सूची अद्यावधिक गर्न र मेलिमलापकर्ताको रुपमा यस अदालतमा सूचिकृत हुन इच्छुक देहायका योग्यता पुगेका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसुची २ को ढाँचामा निवेदन दिनु हुन देहायमा लेखिए अनुसार कागजपत्र राखी- यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र यस अदालतको मेलमिलाप शाखामा निवेदन दिनहुन मेलमिलाप सम्बन्धी नियमावली,, २०७० को नियम ३ र ऐ. नियम ९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

देहाय

क .स.	आवश्यक कागजात	अदालतमा सूचिकृत हुन चाहने मेलमिलापकर्ताको योग्यता
१	नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी	नेपाली नागरिक
२	शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि	पच्चीस वर्ष उमेर पूरा भएको
३	मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी	मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको
४	मेलमिलापकर्ताको पासपोर्ट साईजको फोटो २ प्रति	मेलमिलाप सम्बन्धी तोकिएको अवधिको तालिम लिएको
५	मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप 'परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिईएको स्वीकृतको प्रतिलिपी, संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि	होस ठेगानमा भएको
		नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको
		साहूको दामासाहीमा नपरेको
		मेलमिलाप सम्बन्धी ऐन, २०६८ विपरित कुनै काम गरेकोकारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाएको

उदयपुर जिल्ला अदालतको तर्फबाट

सही:-

नाम थर:- ज्ञानेन्द्र दाहाल

पद:- सेरेस्तेदार (उप-सचिव)

मिति:- २०८३।०४।०१

(ज्ञानेन्द्र दाहाल)
सेरेस्तेदार (उप-सचिव)